विदुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

विदुर, नुवाकोट

बागमती प्रदेश, नेपाल

(प्रथम पटक सूचना प्रकाशित मिति २०८०/०३/२२)

वसपार्क ठेक्का प्रकृयाद्धारा सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धी

**बढाबढको सिलवन्दि दरभाउपत्र सम्बन्धी १५ दिने सूचना ।**

यस नगरपालिका अन्तगर्तको बट्टार बसपार्क आ.व. २०८०/०८१ र आ.व. २०८१/०८२ को लागि ठेक्का नं. BM/NCB/Revenue/03/079/080 ठेक्का प्रकृयाद्धारा सञ्चालन तथा व्यवस्थापन गर्ने विदुर नगरपालिका कार्यपालिकाको मिति २०८०/०३/१७ को निर्णयानुसार इन्छुक व्यक्ति, फर्म, संस्था, गैरसरकारी संस्थाहरु बाट देहायको शर्तहरु पालना हुने गरी न्यूनतम अंक बाट नघट्ने गरी कवोल गर्नको लागि यो सिलवन्दि दरभाउपत्र सम्बन्धि सूचना प्रकाशन गरिएको छ ।

**<u>शर्तहरु</u>**

१. दरभाउपत्र फारमको लागि रु ३०००।-( अक्षेरुपी तिन हजार मात्र ) दस्तुर ( फिर्ता नहुने गरि ) यस कार्यालयमा नगद तिरेको रसिद वा नेपाल बैक लि. शाखा कार्यालय त्रिशूलीमा रहेको यस कार्यालयको खाता नं. ०२६०३००००१००१००००४ मा ( फिर्ता नहुने गरि ) नगद जम्मा गरेको भौचर संस्थाको हकमा नविकरण भएको दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ व ०७८/०७९ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु र व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाणित प्रतिलिपी साथ निवेदन पेश गरी सूचना प्रकाशन भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र वोलपत्र फारम खरिद गर्न सकिने छ ।

२. बसपार्क सञ्चालन तथा व्यवस्थापन अर्न्तगत यस कार्यालय बाट स्विकृत दरमा सवारी प्रवेश र पार्किङ शूल्क संकलन गर्ने, बर्सपार्क नजिकै रहेको सेकुवा कर्नर र बर्सपार्क बसट्रर्मिनल भवनमा (पाटेसन भए नभएका) रहेका सम्पूर्ण सटरहरु उपयोग, सञ्चालन तथा बसपार्क ट्रर्मिनल भवनको मर्मत सम्भार र सरसफाई समेत गर्नुपर्ने छ । उक्त सटरहरु सञ्चालनमा ल्याउन नसकेमा वा कुनै प्रकारको वन्द, हडताल, दैविक प्रकोप जस्ता कारणबाट यस कार्यालयमा कुनै प्रकारको छुट दावी गर्न पाइने छैन ।

३. बोलपत्र फारमका साथ जमानत वापत कवोल अंक ( दुवै वर्षको हिसाव गरी हुन आउने रकम ) को कम्तीमा ५ प्रतिशतले हुन आउने रकम यस विदुर नगरपालिका कार्यालयको ने.वै.लि. शाखाको धरौटी खाता नं. ०२६०३०००००३००००००००४ मा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त वाणिज्य वैंकबाट जारी भएको बैंक जमानत संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्र फाराम यो सूचना प्रकाशित मितिले १६ औ दिनको दिउसो १२ बजे भित्र कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ ।

प्रमुख प्रशासकिय अधिकृत

५.बोलपत्र फारम १६ औं दिन दिनको २:०० बजे कार्यालयको प्रतिनिधि तथा फर्म वा व्यक्तिको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । फर्म वा व्यक्तिको प्रतिनिधि अनुपस्थित भएमा पनि नियमानुसार बोलपत्र फाराम खोल्न बाधा पर्ने छैन ।

६. बोलपत्र फारम दर्ता गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसको लगतै कार्यालय खुलेको पहिलो दिन सिलबन्दी बोलपत्र फारम दर्ता गरि खोलिनेछ ।

७. रित नपुगेको तथा म्याद नाघि प्राप्त भएको बोलपत्र उपर कुनै कारबाही हुनेछैन ।

८. बोलपत्र फारममा कबोल रकम अंक र अक्षरमा स्पष्ट संग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मात्र मान्यता दिइनेछ ।

९.मुल्य अभिवृद्धि कर, आयकर, तथा अन्य कर फर्म वा व्यक्ति आफैले व्यहोर्नु पर्नेछ ।

१०. बोलपत्र फारम दर्ता गर्नेले बोलपत्र फारम राम्ररी अध्ययन गरी बुझि भरेको मानिनेछ ।

११. बोलपत्र फारम भन्नाले सिलवन्दि प्रस्ताव आव्हान पुस्तिका ( वोलपत्र फारम) भन्ने सम्झनुपर्दछ ।

१२. बोलपत्र फाराम कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१३. ठेक्का स्वीकृत भएपछि सम्झौता गर्दाका बखत कबोल अंकको रकम एकमुष्ट बुझाउन सकिनेछ । सो नभए प्रथम किस्ता वापतको ४० प्रतिशत रकम ( मु. अ. कर समेत ) सम्झौता गर्दाको बखत र बाँकी ६० प्रतिशतले हुने रकम ( मु.अ. कर समेत) सम्झौता अवधि समाप्त भएको ३५ दिन पछि सम्म म्याद भएको नेपाल राष्ट्र वैंकबाट मान्यताप्राप्त वाणिज्य वैंकबाट जारी गरिएको विदुर नगर पालिकाको नाममा वैंक जमानत पेश गरेपछिमात्र ठेक्का सम्झौता गरिनेछ र किस्ता रकम ठेक्का सम्झौतामा तोकिए बमोजिम बुझाउनुपर्नेछ ।

१४. यस सूचनामा उल्लेख भएका, बोलपत्र फाराममा उल्लेख भएका कुराहरु सूचना र बोलपत्र फाराममा उल्लेख भए अनुसार र उल्लेख नभएका कुराहरु प्रचलित ऐन कानुनमा उल्लेख भएअनुसार हुनेछ ।

१५. न्यूनतम कबोल अंक मू.अ.क. बाहेक रु. २४६८४००।- ( अक्षेरुपी चौविस लाख अर्सठ्ठि हजार चार सय ) हुनेछ ।

१६. बोलपत्र दाताले कुनै शर्त राखी पेश गरेको बोलपत्र मान्य हुनेछैन ।

१७. यस सम्बन्धि अन्य कुरा बुझ्न परेमा यस कार्यालयको राजश्व शाखामा कार्यालय समयभित्र बुझ्न सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

विदुर नगरपालिका, नुवाकोट

प्रमुख प्रशासकिय अधिकृत